महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

## ८०७६९५०४३००

## स्वामी कार्तिक गाउँपालिका , बाजुरा



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-१९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा ,
स्वामी कार्तिक गाउँपालिका , बाजुरा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटीअन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।५।२५ मा छलफल पश्चात् तयार गरिएको पाना ४३ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो।
लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।
प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा ३५ दिनभित्र फर्स्योट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्योट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका ब्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत। कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

जितेन्द्र श्रेष्ठ
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिहंदरवार काठमाडौँ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मार्तडी, बाजुरा । ,
bajura.dtco@fcgo.gov.np

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ११०.५ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्याराष्ट्रिय जनगणना, २०७८ अनुसार १२,५७६ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१९ देखि २०८१।६।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. ३९,६०,९५,६०४।५८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,५३,६०३।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर | ४४६४१ |
| २ | फेरि संचालन, एम्बुलेन्स संचालन लगायतको आम्दानी | १५५४६२ |
| ३ | बढि भुक्तानी | २९००० |
| ४ | बढि भुक्तानी पदाधिकारी सुविधा | २४५०० |

(झ) पालिकाको आर्थिक बर्ष २०८०।८१ को प्राप्त तथा भुक्तानीको विवरण निम्नानुसार छ ।

| प्राप्ती भुक्तानी विवरण | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु | | गत वर्ष रु |
| राजस्व, अनुदान र अन्य प्राप्ति | बजेट | खर्च | खर्च |
| कर | ७१४८६१००।०० | ६,३५,५१,८९०.४९ | ५,२६,७६,८२५.९६ |
| अनुदान | २८२३०३०००. | २५,८४,७१,३२९.६५ | २९,८५,२८,९८३.४४ |
| अन्य राजस्व | ८२६००००. | ३०,१३,०४५.२२ | १४,०९,२१४.८० |
| विविध प्राप्ति | ५००००. | ० | १९,८००.०० |
| **कुल जम्मा प्राप्ति(क)** | **३६,२०,९९,१००.००** | **३२,५०,३६,२६५.३६** | **३५,२६,३४,८२४.२०** |
| **चालु** | **२६,७९,५९,२६३.६८** | **२५,१७,८९,६२२.५८** | **२४,७१,२८,६७०.३६** |
| पारिश्रमिक / सुविधा | १४,०५,८३,१६३.६८ | १३,७९,३५,४७०.९८ | ९,९२,४४,४०६.३० |
| मालसामान तथा सेवाको उपयोग | १०,५७,८३,१९०.०० | ९,६१,५७,२९३.३० | १३,९६,३५,३५०.०६ |
| सहायता (Subsidy) | १,११,२१,०००.०० | १,०७,७३,५५४.३० | ० |
| सामाजिक सुरक्षा | ७४,५५,१६०.०० | ४१,२३,४२४.०० | ६८,७४,२६४.०० |
| अन्य खर्च | ३०,१६,७५०.०० | २७,९९,८८०.०० | १३,७४,६५०.०० |
| **पूंजीगत** | **१०,४२,४५,०००.००** | **८,११,२७,७९१.००** | **१७,१५,७३,३१७.००** |
| भवन तथा संरचना | १३,००,०००.०० | ८,९०,४८९.०० | २,७२,८४,२७९.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४,००,०००.०० | ३,३५,३७६.०० | ७२,६९,२२०.०० |
| अन्य पूँजीगत खर्च | ८,००,०००.०० | ८,००,०००.०० | ७४,३१,१३४.०० |
| सार्वजनिक निर्माण | ९,१५,४५,०००.०० | ७,०६,७७,६२६.०० | ११,९८,५०,७४९.०० |
| निर्मितसरचनाको सुधार खर्च | १७,००,०००.०० | १७,००,०००.०० | ३२,००,०००.०० |
| पूँजीगत सुधार खर्च | ४५,००,०००.०० | ४५,००,०००.०० | ५२,९६,६२५.०० |
| जग्गाप्राप्ति खर्च | ४०,००,०००.०० | २२,२४,३००.०० | १२,४१,३१०.०० |
| **कुल जम्मा भुक्तानी(ख)** | **३७,२२,०४,२६३.६८** | **३३,२९,१७,४१३.५८** | **४१,८७,०१,९८७.३६** |
| **बचत/कमी (ग = क-ख )** | **(१,०१,०५,१६३.६८)** | **(७८,८१,१४८.२२)** | **(६,६०,६७,१६३.१६)** |
| **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (३७,३१,१९१.००) | ६,४७,७११.०० |
| **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | -४२,५७८.३८ | -२,१८४.४६ |
| **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | (१,१६,१२,३३९.२२) | (६,५४,१९,४५२.१६) |
| **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २,५१,७८,९७५.८१ | ७,७३,५२,०३७.५३ |
| **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | |
| **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)** | | **१,३५,६६,६३६.५९** | **१,१९,३२,५८५.३७** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१ **वित्तिय विवरण विश्लेषण**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्यप्रणालीकोव्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्।

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)

२७० ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।

· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

यसर्थ तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ५,९४,४७,०००।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **बैंक हिसाव मिलान:**स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेको खाताको स्रेस्ताअनुसार र बैंक अनुसारको वाँकि विवरण निम्नानुसार रहको छ। पालिकाले उपलब्ध गराएको बैँक अनुसार वाँकि विवरण र सुत्रको २७० मा कोष तथा विविधको मौज्दात भिडान नभएको हुँदा त्यस्तो विवरण भिडान गर्नुपर्दछ।

| सि.नं | खाताको नाम | श्रेस्ताअनुसार बाँकी | बैंकअनुसार बाँकी |
|---|---|---|---|
| १ | स्वामिकार्तिकआन्तरिक राजश्व खाता ग १.१ | ० | ० |
| २ | स्वामिकार्तिकबाँडफाँड प्र.र. ग १.२ | ० | ० |
| ३ | स्वामिकार्तिकआन्तरिक अनुदान खाता ग १.३ | ० | ० |
| ४ | स्वामिकार्तिकचालु खर्च खाता ग २.१विजोर | ० | ० |
| ५ | स्वामिकार्तिकपुँजिगत खर्च खाता ग २.३विजोर | ५६७५०० | ० |
| ६ | स्वामिकार्तिकविविध खर्च खाता ग २.७ | १२२४२२ | १२२४२२ |
| ७ | स्वामिकार्तिकधरौटी खाता ग ३.७ | ४८३४९६४ | ४८३४९६४ |
| ८ | स्वामिकार्तिकसंचित कोष खाता ग ४.१ | ६४१६४६१.४ | ६४१६४६१.४ |
| ९ | स्वामिकार्तिकप्रकोप व्यवस्थापन कोष खाता ग ७.२ | १६७२ | १६७२ |
| १० | स्वामिकार्तिकविविध कोष खाता ग ५.१ | २२०१८१०.८२ | २२०१८१०.८२ |

सैद्धान्तिक बेरुजु

२.४ **फरक जिम्मवारी** पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाव एकिन गर्नुपर्दछ।पालिकाको गत वर्षको मौज्दात रु.१,१९,३४,७६९।८३ जिम्मेवारी सार्नुपर्नेमा रु.२,५१,७८,९७५।८१ सारेको छ। बढी जिम्मेवारी सारेको रु १,३२,४४,२०५।९८ हिसाब मिलान हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.५ **कर कट्टि दाखिला नभएको** - यस आर्थिक वर्षमा कट्टी भएको कर रु ४२,५७८।३८ दाखिला नगरी पालिकाको खातामा मौज्दात राखेको छ। कट्टी भएको कर दाखिला हुनुपर्दछ रु

| विवरण | रकम |
|---|---|
| स्वामिकार्तिक गाउँपालिका | ४२,५७८।३८ |

| प्रमाण पेश नगरेको | ४२,५७८ |
|---|---|

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालीकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४( २) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको PAMSमा अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ब्यबस्था रहेकोमा बार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना गरी बार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• अनुगमन मुल्यांकन शिर्षकमा गरेको खर्चको भ्रमण प्रतिवेदन पेश भएको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३.२ **आन्तरिक लेखापरीक्षण:** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था छ । यस वर्ष पालिकाले आर्थिक वर्षको समाप्ति पछी कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरीक लेखापरिक्षण भएको छ । पालिकमा समेत आन्तरिक लेखापरीक्षण शाखा गठन भइ प्रदेश लोकसेवा आयोगबाट नियुक्त भइसकेको हुदा काज सरुवा गरिएकाले आन्तरिक लेखापरिक्षण गरिएको छैन । आन्तरिक लेखापरिक्षणको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **बजेट कार्यक्रम**

४.१ **बजेट सिमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०८०।०३।१० गते रु.३६ करोड ३९ लाख २१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

४.४

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,७७,३५,०००।०० | ४,०८,२७,२८८।०० | १२।२७ % |
| पूर्वाधार विकास क्षेत्र | ५,८३,८०,०००।०० | ४,५८,२७,५७७।०० | १३।७६ % |
| सामाजिक क्षेत्र | १५,६०,४४,०००।०० | १४,७४,४०,५४०।१० | ४४।२९ % |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,६८,९९,७९२।०० | १,६६,७२,७३८।३० | ५।०० % |
| अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९,३१,४५,४७१।६८ | ८,२१,४९,२७०।१८ | २४।६८ % |
| जम्मा | ३७,२२,०४,२६३।६८ | ३३,२९,१७,४१३।५८ | १००।०० % |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को कूल खर्च मध्ये सबैभन्दा बढी संस्थागत विकास, सेवा प्रवाह र सुशासन ९८।६६ प्रतिशत र सबै भन्दा घटी पूर्वाधार विकास क्षेत्र ७८।५ प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.५ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनूसूचि २ बमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ८,११,२७,७९१.०० | १६,३३,९९०।०० | ४१,७१,०९१।०० | १,८८,६९,६६८।०० | ५,६४,५३,०४२।०० | ३,६८,४८,०८७।०० |
| प्रतिशत | | २।०१ | ५।१४ | २३।२६ | ६९।५९ | ४५।४१ |

पालिकाको कुल पूजिगत खर्च रु ८ करोड ११ लाख २७ हजार रहेकोमा जसको ६९ प्रतिशत अर्थात ५ करोड ६४ लाख ५३ हजार अन्तिम त्रैमासिकमा खर्च भएको छ जसमा असार महिनामा मात्र रु ३ करोड ६८ लाख ४८ हजारको खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा ठूलो रकम खर्च गर्दा अनुगमन निरीक्षणमा कमी हुने, वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने जस्ता समस्या हुने भएकोले स्वीकृत कार्यक्रम अनुसार सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **भुक्तानी वाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त

भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ ।कार्यालय मेशिनरी तथा सवारी साधन मर्मत तथा संचालन खर्च(गत आ.व.को तिर्न बाँकी योजनाहरुको भुक्तानी) शिर्षकमा रु ३५,००,०००।०० बजेट विनियोजन गरेकोमा रु ३४,१९,९९०।०० खर्च लेखेको छ । पालीकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी वाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायीत्वको भुक्तानी दिने व्यवस्था हुनु पर्दछ । भुक्तानी हुन वाँकिको कच्चावारी भरी यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **बजेट अवण्डाः**

पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकिकरणको आधारमा योजना छनौट गरी बजेट विनियोजन गर्नुपर्दछ । यस वर्ष पालिकाले सभाबाट पारित बजेट तथा कार्यक्रममा अध्क्षयको तोक आदेश अनुसार खर्च गर्ने तथा कृषि, स्वास्थ्य, शिक्षा, पशु सम्बन्धी विविध कार्यक्रम गरी जम्मा रु. १ करोड १ लाख ९९ हजार अवण्डा रकम विनियोजित गरी सोबाट बिभिन्न योजनामा कार्यपालिकाको निर्णय अनुसार खर्च गर्ने गरेको देखियो । पालिकाले यसरी अवण्डामा बजेट विनियोजित गरी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **खर्च बिश्लेषण:**

पालिकाले यस बर्ष आफ्नो आम्दानीमा आन्तरिक आयबाट रु ६५,९८,०९४।७५ राजस्व बाँडफाँडबाट रु ५,९९,६६,८४०।९६ र अनुदानबाट रु. २६,१४,०१,८६२।५५ समेत गरी कुल जम्मा रु ३२,७९,६६,७९८।२६ आम्दानी भएकोमा चालु तर्फ रु. २५,१७,८९,६२२।५८ र पूँजिगत तर्फ रु. ८,११,२७,७९१।०० गरी रु. ३३,२९,१७,४१३।५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।९८ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ४६,५७,३४५।०० खर्च भएको छ जुन आन्तरिक आयको परिधिभित्र रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५।६४ प्रतिशत चालु र २४।३६ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पूँजिगत शिर्षमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ। यस पालिकाले कार्यपालिकाको मिति २०८१।०३।०९ को निर्णयबाट रु. १ करोड ३६ लाख ७ हजार रकमान्तर गरेको छ। जसमध्ये तपशिल बमोजिम रु. १ करोड २ लाख ६६ हजार चालु खर्चमा रकमान्तर गरेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्नुका साथै चालु खर्चमा रकमान्तर भएबाट वित्तिय व्यवस्थापन प्रभावकारी देखिएन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

| क्र.स | शिर्षक | रकम | रकमान्तर भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| 1 | सवारी साधन तथा मेशिनरी औजार भाडा | 200000 | विविध खर्च | 200000 |
| 2 | अध्यक्ष रोजगार कार्यक्रम | 1274000 | अन्य संघ संस्था साझेदारी | 1274000 |
| 3 | राहत,उद्दार तथा विपद व्यवस्थापन | 200000 | ढुवानी भाडा | 200000 |
| 4 | विद्यालय सुरक्षा गार्ड | 50205 | करार पारिश्रमिक | 50205 |
| 5 | अन्य संघ संस्थासंग साझेदारी | 956083 | दाजुभाई ट्रेडर्स | 956083 |
| 6 | ई.सि.डि. पारिश्रमिक | 9000 | करार पारिश्रमिक | 9000 |
| 7 | अध्यक्ष रोजगार कार्यक्रम | 20000 | सवारी ढुवानी भाडा | 20000 |
| 8 | राहत,उद्दार तथा विपद व्यवस्थापन | 10500 | सवारी ढुवानी भाडा | 10500 |
| 9 | विद्यालय सुरक्षा गार्ड | 18970 | करार पारिश्रमिक | 18970 |
| 10 | विद्यालय सुरक्षा गार्ड | 251000 | करार पारिश्रमिक | 251000 |
| 11 | धार्मिक पर्यटन स्थल अध्ययान | 800000 | विपद, राहत सामाग्री खरिद | 800000 |
| 12 | गा.पा. स्तरिय हस्पिटल निर्माण | 1000000 | मर्मत सम्भार खर्च | 1000000 |
| 13 | गा.पा.प्रशासनिक भवन | 385492 | मर्मत सम्भार खर्च | 385492 |
| 14 | कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण | 308400 | थप कक्षा संचालन | 308400 |
| 15 | ई.सि.डि. पारिश्रमिक | 30000 | गाउँपालिका राष्ट्रिय महासंघ | 30000 |
| 16 | स्वयमसेवक नि.मा.वि. पारिश्रमिक | 100000 | जिल्ला समन्वय समिति | 100000 |
| 17 | अध्यक्ष रोजगार कार्यक्रम | 50500 | सवारी साधन मर्मत | 50500 |
| 18 | अध्यक्ष रोजगार कार्यक्रम | 213681 | मसलन्द खर्च | 213681 |
| 19 | अध्यक्ष रोजगार कार्यक्रम | 10500 | औषधी उपचार खर्च | 10500 |
| 20 | अध्यक्ष रोजगार कार्यक्रम | 45000 | विविध खर्च | 45000 |
| 21 | अध्यक्ष रोजगार कार्यक्रम | 81000 | विविध खर्च | 81000 |
| 22 | अध्यक्ष रोजगार कार्यक्रम | 99470 | विविध खर्च | 99470 |
| 23 | अध्यक्ष रोजगार कार्यक्रम | 219602 | अनुगमन तथा मूल्याङ्कन खर्च | 219602 |
| 24 | अध्यक्ष रोजगार कार्यक्रम | 30000 | औषधी उपचार | 30000 |
| 25 | अध्यक्ष रोजगार कार्यक्रम | 64790 | विविध खर्च | 64790 |
| 26 | अध्यक्ष रोजगार कार्यक्रम | 43800 | सवारी साधन भाडा | 43800 |
| 27 | अध्यक्ष रोजगार कार्यक्रम | 24195 | विविध खर्च | 24195 |
| 28 | अध्यक्ष रोजगार कार्यक्रम | 200000 | औषधी उपचार | 200000 |
| 29 | स्वयमसेवक नि.मा.वि. पारिश्रमिक | 750734 | करार पारिश्रमिक | 750734 |
| 30 | विपद व्यवस्थापन | 45000 | विविध खर्च | 45000 |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| 31 | विपद व्यवस्थापन | 135148 | सामाग्री खरिद | 135148 |
| 32 | विपद व्यवस्थापन | 140000 | सवारी साधन ढुवानी भाडा | 140000 |
| 33 | विपद व्यवस्थापन | 30000 | औषधी उपचार | 30000 |
| 34 | विपद व्यवस्थापन | 92900 | सवारी साधन भाडा | 92900 |
| 35 | विपद व्यवस्थापन | 5500 | औषधी उपचार | 5500 |
| 36 | विपद व्यवस्थापन | 53630 | विविध खर्च | 53630 |
| 37 | विपद व्यवस्थापन | 60000 | पत्र पत्रिका | 60000 |
| 38 | विपद व्यवस्थापन | 54000 | पत्र पत्रिका | 54000 |
| 39 | विपद व्यवस्थापन | 164900 | औषधी उपचार | 164900 |
| 40 | विपद व्यवस्थापन | 10500 | विविध खर्च | 10500 |
| 41 | विपद व्यवस्थापन | 505920 | औषधी उपचार | 505920 |
| 42 | विपद व्यवस्थापन | 36000 | सवारी साधन भाडा | 36000 |
| 43 | स्वयमसेवक प्रा.वि. पारिश्रमिक | 107378 | करार पारिश्रमिक | 107378 |
| 44 | आधारभुत तहका स्वीकृत दरबन्दी शिर्षक | 1378501 | करार पारिश्रमिक | 1378501 |
| | **जम्मा** | **10266299** | **जम्मा** | **10266299** |

सैद्धान्तिक बेरुजु

## ८ योजना तथा कार्यक्रम

८.१ **मध्यकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ।गाउँपालीकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ। (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुनसक्ने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्च को रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

सैद्धान्तिक बेरुजु

८.२ **योजना र कार्यान्वयन–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ९ |
| २ | रु एक लाख देखि पाँच लाख सम्मका योजना | ५२ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | २५ |
| ४ | दश लाख देखि ५० लाख सम्मका योजना | ११ |
| ५ | ५० लाख बढीका योजना | ० |
| | जम्मा | ९७ |

सैद्धान्तिक बेरुजु

९ **आवधिक योजना**

आवधिक योजना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **कानून निर्माण एवं कार्यान्वयन**

१०.१ **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३७ वटा ऐन, ८ वटा नियमावली, ७० वटा कार्यविधि, ११ वटा निर्देशिका गरी १२६ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। यसरी स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.२ **न्यायिक समितिः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ रहेको र यो बर्ष २० मुद्दा दर्ता भएकोमा १८ वटा फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **संगठन तथा कर्मचारी व्यवस्थापन**

११.१ **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिकाको कुल ३८ कर्मचारी दरबन्दी रहेकोमा २०८१।०३।३१ सम्म २१ जना दरबन्दी स्थायी पदपूर्ति भई १७ पद रिक्त रहेको छ ।

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख, इन्जिनियर,लेखा अधिकृत, प्राविधिक र वडा सचिव सहितका पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

• पदपूर्ति भएका पद मध्ये आन्तरिक लेखापरिक्षक,प्रशासन सहायक,शिक्षा अधिकृत, कम्प्युटर अपरेटर, सहायक महिला विकास निरीक्षक लगायत कर्मचारी सहमतिका आधारमा काजमा सरुवा भई गएकाले सेवा प्रवाहमा असर परेको दखिन्छ ।

• पालिकामा कर्षि र पशु सेवा तर्फ ९ जनाको दरबन्दी रहेकोमा कृषि र पशु सेवामा दरबन्दी भन्दा बढी ५ जना गरी जम्मा १४ जना कर्मचारीलाई करार नियुक्ती गरेको देखिन्छ । यसरी दरबन्दी भन्दा बढि नियुक्त गरि पालिकाको व्ययभार बढने भएकाले यसमा नियन्त्रण गरिनु पर्दछ ।

• पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) बमोजिम सवारी चालक, बगैंचे, , ईलेक्ट्रिसियन, माली लगायतका पदमा करारमा नियुक्त गरेको छ । सो बाहेक ऐन व्यवस्था बमोजिम ५ वडा कार्यालय, ८ स्वास्थ्य संस्था र पालिकामा गरि जम्मा २९ जना कार्यालय सहयोगी राखेको देखिन्छ । आवश्यकता भन्दा बढी कार्यालय सहयोगीका नाममा जनशक्ति नियुक्त गर्न उचित देखिदैन। यसमा आनावश्यक कर्मचारी कटौती गरि नियन्त्रण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ **कर्मचारी कल्याण कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कानून बनाउनु पर्नेमा कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.३ **करार कर्मचारी व्यवस्था**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैंचे, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार माली र सरसफाइ सम्बन्धी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कानून अधिकृत, ईन्जिनीयर, सव इन्जिनीयर, प्रशासन सहायक, प्रशासन चौथो, कम्प्युटर अपरेटर, खेल प्रशिक्षक, अमिन, भेडा हेरालु, लगायत विभिन्न पदमा आवश्यकता र स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता बाफत रु९६,४५,७०७।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | सङ्ख्या | तलव भत्ता रु. |
|---|---|---|
| कानून अधिकृत | १ | ५,७७,९५७।०० |
| इन्जिनियर | १ | ५,३०,०००।०० |
| प्रशासन सहायक | २ | ७,१२,७५०।०० |
| कम्प्युटर अपरेटर | १ | ४,००,०००।०० |
| असिष्टेन्टसव इन्जिनियर | २ | ६,७२,५००।०० |
| प्रशासन चौथो | ३ | ९,९०,५००।०० |
| अ मि न | १ | ३,५४,५००।०० |
| खेल प्रशिक्षक | २ | ५,९७,५००।०० |
| अनमि | ४ | १३,०८,५००।०० |
| डोजर चालक/ सहयोगी | २ | ९,५१,०००।०० |
| सहायक कम्प्युटर अपरेटर | १ | ३,५४,५००।०० |
| सबइन्जिनीयर | ३ | ११,२०,०००।०० |
| भेडा हेरालो | २ | ५,१०,०००।०० |
| एम्बुलेन्स चालक/ सहयोगी | २ | ५,६६,०००।०० |
| जम्मा | २७ | ९६,४५,७०७।०० |

उल्लेखित खर्च सम्वन्धमा गत विगतको महालेखापरिक्षकको प्रतिवेदनमा सुझाव सहितको बेरुजु औल्याइ सकेको बिषयमा कार्यालयले कुनै सुधार नगरि त्यसको प्रतिकुल थप करार कर्मचारी नियुक्त गरेको देखिन्छ । यसरी नियम विपरीत अस्वाभाविक संख्यामा व्यवस्थापन तथा संगठन सर्वेक्षण र दरवन्दि संरचना स्वीकृत नगरि पालिकाबाट तलब भुक्तानी हुने स्वास्थ्य सेवाका बाहेक दरबन्दि भन्दा बढी करार कर्मचारी नियुक्त गरी रु ९६,४५,७०७।०० बरावर तलव भत्ता खर्च लेख्नु नियमसम्मत मान्न सकिदैन। पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा सार्वजनिक कोष माथि व्ययभार पर्ने गरी करार कर्मचारी नियक्ति गर्ने परिपाटिमा सुधार गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ९६,४५,७०७ |

११.४ **पालिका स्वंयमसेवक शिक्षक** -अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक , कर्मचारी , तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले राजश्व बाँडफाटबाट कानुन निर्माण नगरी बजेट मार्फत पालिका अनुदान शिक्षक वा पालिका करार स्वंयमसेवक शिक्षकको ब्यबस्था गरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, शिक्षिकालाइ यस वर्ष २० विद्यालयका ३९ जना शिक्षक, शिक्षिकालाई रु १,४०,०३,६७४।०० पारिश्रमिक भुक्तानी गरेको छ । उल्लेखित ऐनको ब्यबस्था बिपरीत पालिकाले बिद्यालय समायोजन तथा शिक्षक दरबन्दि मिलान नगरी र शिक्षक विद्यार्थी अनुपात समेत बिश्लेषण नगरी पालिका स्वंयमसेवक शिक्षक ब्यबस्था गरी पारीश्रमिक भुक्तानी दिने व्यवस्था उपयुक्त देखिदैन।

| गो .भौ. नं. र मिति | विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| ३।२०८०/०६/१८ | २० बिद्यालयका ३९ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | ४५,१६,९६६।०० |
| १५७।२०८०/१०/०३ | २० बिद्यालयका ३९ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | ३२,८७,०००।०० |
| २८९।२०८०/१२/२२ | २० बिद्यालयका ३९ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | ४१,३६,५३२.०० |

सैद्धान्तिक बेरुजु

१२ **सम्पत्ति उपयोग र संरक्षण**

१२.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाधल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: स्थानीय सरकार सञ्चागलन ऐन, २०७४ को दफा ९७, मा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु र अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **सम्पत्ति लेखांकनः** गाउँपालीका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालीकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालीकाको यथार्थ सम्पत्तिको अवस्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

• पालिकाको जिन्सी मौज्दातको संक्षिप्त वार्षिक विबरण म ले प फा नं ४१३ मा खर्च नहुने प्रकृतिका देहाय जिन्सी सामान निकासा / हस्तान्तरण / आधारमा जिन्सी खातावाट खर्च घटाएको देखिएकोले उल्लेखित सामानहरु सम्बन्धित निकासा वा हस्तान्तरण भएको कार्यालयको जिन्सी खाता PAMS मा दाखिला गरेको प्रमाण पेश नभएकोले सम्वन्धित कार्यालयको PAMS मा दाखिला भएको वा लिलाम बिक्री वा पालिकाकै सम्पतिमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| सि नं | बिबरण | निकासा वा हस्तान्तरण भएको सामान संख्या | मुल्य |
|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | १८ | ११,४१,३२३।०० |
| २ | प्रिन्टर | ५ | ८६,२८३।२० |
| ३ | फोटोकपी मेशिन | १७ | ४,७७,७००।०० |
| ४ | Scanner | ५ | ४२,०३५।४० |
| | जम्मा | | १७,४७,३४१।४० |

• पालिकाको जिन्सी मौज्दातको संक्षिप्त वार्षिक विबरण आर्थिक वर्ष २०८०।८१ खर्च भएर जाने समानमा PAMS बाट फोटोकपी पेपरमा ३०५५ रिम र पाइलेट पेन क्रमशः रु १९,७७,४२६।०० र रु ७,६४,१७५।०० गरी जम्मा रु २७,४१,६०१।०० खर्च जनाएको छ।यसरी एकै आर्थिक वर्षमा विगत आर्थिक वर्षको समेत एकै पटक जिन्सि खर्च लेख्नु विश्वसनिय देखिदैन । यस्ता कार्यमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ।

| प्रमाण पेश नगरेको | १७,४७,३४१ |
|---|---|

१२.३ **घरजग्गाको लगतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाऊँमा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाऊँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाऊँमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलव्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले गाउँपालीकाको नाऊँमा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालीका जिम्मेवार हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **सेवा प्रवाह विवरण**

**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहाय अनुसारको सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

| क्र सं | सेवाको विवरण | संख्या |
|---|---|---|
| १ | जन्म मृत्यु र विवाह दर्ता | ८८३ |
| २ | नाता प्रमाणित | १२० |
| ३ | घर बाटो सिफारिस | |
| ४ | नागरिकता शिफारिस | ३०० |

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **सहकारी संस्थाहरुको सुपरिवेक्षण,**

**सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाको विवरण राख्ने गरेको छैन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण समेत भएको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १५ आर्थिक सहायता र अन्य विविध खर्च

१५.१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायताको रुपमा बिल भरपाइ र पालिका अध्यक्षको तोकआदेश अनुसार बिभिन्न व्यक्तीलाइ औषधी उपचार खर्च बाफत रु १२,९०,८००।०० रकम भुक्तानी गरी खर्च लेखेको देखिन्छ । कार्यपालिकाको निर्णय बमोजिम अध्यक्षको तोकआदेशमा रु ५,०००। देखि रु १,००,०००। सम्म आर्थिक सहायता भुक्तानी गर्नु प्रभावकारी देखिदैन ।कार्यविधि मार्फत पालिकाको आफ्नो क्षमता र आन्तरिक आयका आधारमा कस्ता प्रकारका बिरामिलाई सहायता उपलब्ध गराउने भन्ने पक्षमा समेत ध्यान दिनुपर्ने देखिन्छ।यस सम्बन्धि केही विवरण निम्न छनः

| गो भौ न र मिति | विवरण | रकम रु |
|---|---|---|
| २६९।२०८०।१२।०९ | कार्यपालिकाको निर्णय तोकआदेश अनुसार उपचार खर्च | १,००,०००।०० |
| २७०।२०८०।१२।०९ | तोकआदेश कार्यपालिकाको निर्णय अनुसार उपचार खर्च रकम भुक्तानी | २,००,०००।०० |
| २४७।२०८०।१२।०५ | तोकआदेश अनुसार औषधी उपचार खर्च रकम भुक्तानी | ३५,०००।०० |
| २४६।२०८१।०१।१३ | तोकआदेश अनुसार औषधी उपचार खर्च रकम भुक्तानी | २५,०००।०० |
| २५१।२०८०।१२।०५ | तोकआदेश अनुसार औषधी उपचार खर्च रकम भुक्तानी | १८,५००।०० |

सैद्धान्तिक बेरुजु

१५.२ **उद्धार,राहत तथा पुनर्स्थापना**: पालिकाले यस वर्ष राहत उद्धार तथा पुनर्स्थापनामा रु ११,०१,००४।०० खर्च लेखेको छ।पालिकाले यस किसिमका खर्च गर्दा कार्यविधि बनाई वास्तविक राहत तथा औषधी उपचारमा सहयोग पुग्ने परिवार तथा व्यक्तिहरुको छनौट गरि प्रकोप तथा क्षतिको र बिरामिको गम्भिरताको मापन गरि मात्र गर्नुपर्नेमा पालिकाले वडाको सिफारिस तथा तोक आदेशमा खर्च लेखेको छ।यसरी राहत वितरण गरिएको केहि नमुना छनौट गरी परीक्षण गर्दा घर मर्मत लगायतका काम समेतको डोरहाजिरि फारामको आधारमा भुक्तानी दिएको छ।यस किसिमका मर्मत कार्यको लागत अनुमान बनाई प्राविधिक नाँपजाँच गरी यथार्थ कार्यसम्पन्नको मात्र भुक्तानी दिनुपर्दछ।साथै पालिकाले उद्धार राहत तथा पुनर्स्थापना कार्यक्रमलाई कार्यविधि तथा मापदण्डको अधिनमा रहि विश्वसनिय र प्रभावकारी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## १६ स्थानीय भत्ता

निजामती सेवा नियमावली, २०५० को नियम ९३ मा कुनै निजामती कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा स्थानीय भत्ता पाउने उल्लेख छ । सो सम्बन्धमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७१।४।२ चलानी नम्वर ५ वाट नयां तलबमान सुविधा सम्वन्धमा महालेखा नियन्त्रक कार्यालयलाई लेखेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदको २०७१।३। २९ को निर्णयबाट नयां तलवमान र स्थानीय भत्ता स्वीकृत भएकोमा पुनः अर्थ मन्त्रालयको च.नं ६८ मिति २०७१।५।२ को पत्रबाट स्थानीय भत्ता प्रयोजनको लागि अनुसूची १० मा स्थान वर्गिकरण एवं प्राप्त हुने महंगी भत्ताको दर तोकेको छ । साथै सोही पत्रमा कार्यरत जिल्ला भित्र स्थायी वसोवास भएका कर्मचारीले क र ख वर्गकोमा ५० प्रतिशत पाउने उल्लेख छ । पालिकामा कार्यारत निम्नानुसार कर्मचारी जिल्लाको स्थायी वासिन्दा भएको अवस्थामा समेत पुरा स्थानिय भत्ता भुक्तानी भएको छ । तोकिएको भन्दा बढी भुक्तानी हुँदा पालिकालाई आर्थिक भार पर्दछ । तोकिएको भन्दा बढी दरमा भुक्तानी भएको महंगी भत्ता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि नं | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | स्थानीय भत्ताको मासिक दर | ५० प्रतिशत रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| १. | अमर बहादुर रोकाया | नि.प्रमुख प्रशासकिय अधिकृत | स्वामीकार्तिक खापर गा पा ३ जुकु | ११,८१०।०० | ५,९०५।०० | ७०,८६०।०० |
| २. | पारस बहादुर शाही | स्वास्थ्य संयोजक | स्वामीकार्तिक खापर गा पा ५ जेरा | ११,८१०।०० | ५,९०५।०० | ७०,८६०।०० |
| ३. | भक्त बहादुर कैला | सि.अ.हे.ब | स्वामीकार्तिक खापर गा पा ४ फैता | ११,८१०।०० | ५,९०५।०० | ७०,८६०।०० |
| ४. | कुमेर बहादुर शाही | ना.सु | स्वामीकार्तिक खापर गा पा ३ जुकोट | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| ५. | खम्बीर बहादुर बुढा | लेखापाल | स्वामीकार्तिक खापर गाउँपालिका ४ वाई | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| ६. | प्रकाश बहादुर शाही | ना.सु | स्वामीकार्तिक खापर गाउँपालिका ३ जुकोट | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| ७. | दिपक शाही | प्राविधिक सहायक | स्वामीकार्तिक खापर गाउँपालिका ३ जुकोट | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| ८. | विवेक राज गिरी | सहायक पाँचौ | जगन्नाथ गाउँपालिका १ बाजुरा | ७,७१०।०० | ३,८५५।०० | ३०,८४०।०० |
| ९. | किशोर बुढा | चौथो | स्वामीकार्तिक खापर गा पा ४ फैता | ६,४६०।०० | ३,२३०।०० | ३८,७६०।०० |
| १०. | रविलाल कट्टेल | चौथो | स्वामीकार्तिक खापर गाउँपालिका ३ जुकोट | ६,४६०।०० | ३,२३०।०० | ३८,७६०।०० |
| ११. | फेसन भण्डारी | अ स ई | स्वामिककार्तिक खापर गा पा २ | ६,४६०।०० | ३,२३०।०० | ३८,७६०।०० |
| १२. | कर्ण बहादुर शाही | अ स ई | स्वामीकार्तिक खापर गा पा ५ जेरा | ६,४६०।०० | ३,२३०।०० | ३८,७६०।०० |
| १३. | हंश बहादुर तिरुवा | खा पा स टे | स्वामीकार्तिक खापर गा पा १ | ६,४६०।०० | ३,२३०।०० | ३८,७६०।०० |
| १४. | अनुरुद्र कठायत | का स | स्वामीकार्तिक खापर गा पा ४ | ४,७३०।०० | २,३६५।०० | २८,३८०।०० |
| १५. | नरेन्द्र बहादुर बुढा | स्वास्थ्य छैटौ | स्वामीकार्तिक खापर गा पा ४ | ११,८१०।०० | ५,९०५।०० | ७०,८६०।०० |
| १६. | राजेन्द्र बहादुर शाही | स्वास्थ्य पाचौ | स्वामीकार्तिक खापर गाउँपालिका ३ जुकोट | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| १७. | ज्ञानी देवी शाही | स्वास्थ्य पाचौ | स्वामीकार्तिक खापर गाउँपालिका ३ जुकोट | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| १८. | वर्ज वि क | स्वास्थ्य पाचौ | स्वामीकार्तिक खापर गा पा १ | ७,७१०।०० | ३,८५५।०० | ४६,२६०।०० |
| १९. | अम्बिका कुमारी बुढा | स्वास्थ्य चौथो | स्वामीकार्तिक खापर गा पा ५ जेरा | ६,४६०।०० | ३,२३०।०० | ३८,७६०।०० |
| | | | | | जम्मा | ८,९९,०४०।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९९,०४० |

१७ **शिक्षा सम्बन्धी विविध कार्यक्रम**

पालिकाले शिक्षा सम्बन्धी विविध कार्यक्रममा एकमुष्ट रु ३२,००,०००। विनियोजन गरि तपशिल बमोजिम रु ३१,००,८२०। खर्च लेखेको छ।

| क्र सं | विवरण | खर्च |
|---|---|---|
| १ | जिल्ला स्तरिय रनिङ शिल्ड पदक विजेता खेलाडिलाई पुरस्कार | १५७३९५ |
| २ | पालिका स्तरिय रनिङ्ग शिल्डको लागि विभिन्न ६ विद्यालयलाई तयारी वापत | १३००००० |
| ३ | अध्यक्ष कप फुटवल प्रतियोगिता | ३९४४१० |
| ४ | भलिवल प्रतियोगिता सहभागिता | ५०००० |
| ५ | फुटबल प्रतियोगिता आयोजना, | ४५००० |
| ६ | फुटवल प्रतियोगिता सहभागिता | २४५००० |
| ७ | साईनिङ्ग स्टार क्लव फुटवल आयोजना सहयोग | १००००० |
| ८ | शिवरात्री मेलामा भलिवल आयोजना | ७५००० |
| ९ | जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्डमा सहभागिता | ५३४०१५ |
| १० | एमविविएस अध्ययन छात्रवृति | २००००० |
| | **जम्मा** | **३१००८२०** |

**यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः**

· पालिकाले शिक्षा सम्बन्धी विविध कार्यक्रम अन्तर्गत एकमुष्ट रुपमा विनियोजित बजेट वार्षिक स्वीकृत कार्यक्रम वेगर खेलकुद सम्बन्धी वितरणमूखि प्रकृतिका कार्यक्रममा खर्च गरेको छ। पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्था संघीय वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो रकमबाट शिक्षा क्षेत्रको लागि विनियोजित बजेट शिक्षा क्षेत्रको विकास र विस्तारमा खर्च गर्नुपर्नेमा यसरी वितरमूखि एवं अनुत्पादकमूलक क्षेत्रमा खर्च गरेको नियमित मान्न सकिदैन। पालिकाले प्रचलित कानुन तथा आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार मात्र खर्च गर्नुपर्दछ।

· पालिकाले गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड, अध्यक्ष कप लगायत अन्य विभिन्न प्रतियोगिता आयोजना तथा सहभागितामा अधिकांश रकम खर्च गरेको छ। यस सम्बन्धी खर्च सम्बद्ध फाँटवारी परिक्षण गर्दा अधिकांस खाजा, खाना तथा बास वापत विभिन्न होटलका विल भरपाई, खेलकुद पोशाक तथा खेल सामाग्री खरिदका विभिन्न आपूर्तिकर्ताको बिल भरपाई, गाडि रिभर्ज वापतको विल भरपाई, कर्मचारी दैनिक भ्रमण भत्ता संलग्न रहेको पाईयो।संलग्न विल भरपाईबाट देखिएका खाना खाजा लगायत अन्य खेल सामाग्रीको दर र गाडि रिजर्भको दरमा समेत एकरुपता नुहनु तथा खेल प्रतियोगितामा सहभागि खेलाडिको तथा प्रशिक्षकको संख्या तथा सो को एकिन गर्न नसकिएबाट खर्चको विश्वसनिय आधार देखिदैन। यसर्थ यस किसिमका खर्च गर्दा प्रचलित मापदण्डको आधार लिनुका साथै सार्वजनिक स्रोत साधनको सदुपयोगमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सि व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले जिन्सि निरीक्षण प्रतिवेदनले औल्याएका कैफियत कार्यान्वयनमा तदारुकता देखाएको देखिदैन।कार्यालयले जिन्सि निरीक्षण प्रतिवेदनले औल्याएका अनुरुप मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।
- कार्यालयले वडा कार्यालय र बिषयगत कार्यालयको सामान खरिद गर्दा अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र विपरित हालसम्म Manual दाखिला नै गरेको छ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१९ **कार्यक्रम खर्च**

१९.१ **वितरणमुखी खर्चः** स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पालिकाले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा देहाय बमोजिमका वितरणमुखी प्रयोजनमा रु.१७ लाख ४३ हजार खर्च गरेको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्चमा नियन्त्रण गर्दै उत्पादनमुलक क्षेत्रमा खर्च गर्नुपर्दछ।

| **क्र.स.** | **विवरण** | **रकम** |
|---|---|---|
| १. | अध्यक्ष सँग मृतक परिवार शान्तवना कार्यक्रम | २,९९,०००।०० |
| २. | सुत्केरीसँग उपाध्यक्ष कोसेली कार्यक्रम | ६,९७,७४३।०० |
| ३. | आमा पहिलो (Mother First) कार्यक्रम | ४,४६,७८०।०० |
| ४. | दलित विकास कार्यक्रम | ३,००,०००।०० |
| | **जम्मा** | १७,४३,५२३।०० |

सैद्धान्तिक बेरुजु

१९.२ **ब्ल्याङ्केट खरिदः** पालिकाले आर्थिक वर्षको अन्तमा मौज्दात रहने गरी गो.भौ.नं ५६८।२०८१।०३।२४ बाट ४०० थान ब्ल्याङ्केट प्रति थान रु २,२००। को दरले रु ८,८०,०४४।०० मा खरिद गरेको देखिन्छ ।यसरी सामाग्री खरिद गरि प्रयोगमा नल्याउदा संचालित कार्यक्रमको प्रभावकारीता समेत नहुनुका साथै खरिद गरिएका सामाग्रीको गुणस्तर समेत ह्रास आउने देखिन्छ।यसर्थ पालिकाले माग र आवश्यकता पहिचान गरि औचित्य स्पष्ट हुने गरी मात्र खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९.३ **खर्चमा मितव्ययिताः** पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव माग गर्न सकिने र गोरखापत्र संस्थानले सूचना प्रकाशनमा ३३ प्रतिशत सम्म छुट दिने व्यवस्था छ।साथै सार्वजनिक निकायले वेबसाइट वा अनलाइन मार्फत विद्युतीय माध्यमको प्रयोग गरि सूचना प्रकाशन गर्नुपर्नेमा पालिकाले यस आर्थिक वर्षमा प्रतिस्पर्धा वेगर सिधै भुक्तानी दिइ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु ४,०७,६३६।०० बजेट खर्च गरेको छ।पालिकाले सूचना तथा विज्ञापन प्रकाशन तथा प्रशारण गर्दा प्रतिस्पर्धी खरिद विधि अवलम्बन गर्नुका साथै छुट सुविधा लिई सार्वजनिक स्रोत साधनको सदुपयोगमा जोड दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२० **सम्पत्तिको संचालन र मर्मत सम्भार खर्च**

२०.१ **मर्मत सम्भार:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाले सवारी साधन मर्मत खर्च रु १५,२०,०७३।०० र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च रु ९,८९,८१४।०० गरी जम्मा मर्मत सम्भार शिर्षकमा रु.२५,०९,८८७।०० खर्च लेखेको छ । यस्तो खर्चमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराउनु पर्दछ । खर्चमा मितव्ययीता र नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

२०.२ **ईन्धन खर्च-** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसुचि १ मा अध्यक्षको सवारी साधनलाई मासिक १५० लिटर डिजल उपाध्यक्ष माशिक १२५ लिटर डिजल र वडाध्यक्ष मासिक २० लीटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा २ एम्बुलेन्स, १ एक्जाभेटर, १ ब्याकहो लोडर, १२ मोटरसाइकल, र २ जेनेरेटर इन्धन प्रयोग गर्ने साधन रहेकोमा सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.४,००,०००।०० इन्धन (कार्यालय प्रयोजन) मा रु ३५,००,०००।०० र इन्धन - अन्य प्रयोजनमा रु २,००,०००.०० गरी जम्मा रु ४१,००,०००। ०० वजेट खर्च गरेको देखिन्छ । प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा अतिरिक्त पालिकामा रहेका हेभि इक्विमेन्ट उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। कानुन तथा मापदण्ड अनुसार हुने र भएको इन्धन खर्च बीच ठूलो रकम फरक परेको कारण यस तर्फ पालिकाको एकिन गरी मापदण्ड भित्र रहेर मात्र ईन्धन खर्च गर्नुपर्दछ ।यस सम्बन्ध अन्य व्यहोराहरु निम्न अनुसार रहेका छनः

• सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS राखिनुपर्दछ ।

• पालिकामा रहेका, ब्याकहो लोडर र एम्बुलेन्स लगायत मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राख्ने गरेको नपाइएकाले सवारी साधनको दुरी र खपत भएको इन्धनको एकिन गर्न सकिएन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गर्न सकिएन। उक्त उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि तयार गरेको भएपनि सोको पूर्ण पालना भएको छैन । यसरी यन्त्र उपकरण सञ्चालन प्रभावकारी नहुदा पालिकाको सो वापत हुने आय समेत गुमेको देखिन्छ। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन लागत लाभ समेतको विश्लेषण गरी प्रभावकारी बनाउनुपर्दछ। ।

सैद्धान्तिक बेरुजु

२०.३ **सवारी साधन भाडा तथा ढुवानी खर्च:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने,२० लाख

रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित पक्षमा ध्यान नदिई समानिकरण अनुदानबाट सवारी साधन तथा मेशिनर औजार भाडा(कार्यालय प्रयोजनका लागि सार्वजनिक गाडी भाडा तथा ढुवानी) शिर्षकमा बजेट विनियोजन गरी सवारी भाडामा रु १९,१४,३८०।०० खर्च लेखेको पाईयो।यस अतिरिक्त पालिकाले बाजुरा जिल्लाको आर्थिक वर्ष २०८०।८१ को स्वीकृत जिल्ला दररेट अनुसार पक्कि सडकमा ट्रक वा ट्याक्टरबाट ढुवानी गर्दा प्रति केजि प्रति किमि रु ०.०२३ साथै जिल्ला भित्रको छोटो दुरिमा ढुवानी गर्दा प्रति केजि प्रति किमि ०.०५५ र कच्चि सडकमा प्रति के जि प्रति किमि ०.२६ र मार्तडि देखि कोल्टि तथा अन्य शाखा कच्चि सडकमा ०.३१ प्रति केजि कायम गरेको छ।पालिकाले स्वीकृत जिल्ला दररेटलाई आधार लिई दररेट विश्लेषण गर्न सकेमा ढुवानी दरमा एकरुपमा हुनुका साथै किफायती दरमा ढुवानी सेवा प्राप्त गर्न सकिने देखिन्छ।पालिकाले यसमा सुधार गर्दै खरिद कानून बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **प्रमाणपेश गर्नुपर्नेः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको खर्च लेख्दा आवश्यक सक्कल कागजात संलग्न राखि भुक्तानी दिनुपर्नेमा फोटोकपी बिलको अधारमा भुक्तानी दिएकोले प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.न र मिति | विवरण | रकम रु |
|---|---|---|
| ५६६। २०८१।०३। २४ | ल्यापटप खरिद गरेको बिल र pams मा जिन्सी दाखिला गरेको प्रमाण संलग्न पेश गर्नुपर्ने | ६७,८००।०० |
| २२।२०८०। ०६।१९ | कार्यपालिकाको बैठको खाजा नास्ता भनि रुप बहादुर कार्कीलाई निवेदन र बिलको आधारमा भुक्तानी दिएकाले प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | १,०९,४१५। ०० |
| ४८३। २०८१।०३। १२ | कमल फलफूल नर्सरी तथा कृषि फर्मबाट ११५०६ स्याउ कलमी बिरुवा खरिद गरेको कुन कार्यक्रम कुन प्रयोजनका लागि खरिद गरिएको हो सो विवरण खुलाइ वितरण भरपाइ फोटो लगायत प्रमाण पेश गर्ने | ८,८५,९३२। ०० |
| ४९०। २०८१।०३। १२ | सुविसु केवलनेट प्रा लि लाई समान खरिद गरेको भनि भुक्तानी दिएकाले जिन्सी दाखिला गर्ने अन्यथा असुल गर्ने | १३,५६०।०० |
| ५२७। २०८१।०३। २० | स्वामीकार्तिक मा वि वाईको पेश्की फस्र्यौट गर्दा फोटोकपी बिल राखेकोले | ५०,०००।०० |
| ५३२। २०८१।०३। २० | न्यायिक समितिको बैठक भत्ता सम्बन्धितलाई भुक्तानी नगरि सुविस्त बहादुर शाहीले बुझेकोले सम्बन्धितले बुझिलिएको प्रमाण पेश गर्नुपर्ने | ७८,८५७।०० |
| | जम्मा | ११,२६,७०७। ०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,२६,७०७ |

२२ **अनुगमन, मूल्यांकन र भ्रमण खर्च**

२२.१ **भ्रमण अभिलेख:** भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु २५ लाख ३४ हजार खर्च लेखेको छ। तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन ।दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भत्ताको दर, बिल, टिकट लगायत कानूनको पालना, खर्चमा मितव्ययिता र भ्रमण किफायती हुनुपर्ने बिषयमा ध्यान गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२२.२ **भ्रमण खर्च:** भ्रमण खर्च नियमावली२०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधान प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । पालिकाको आफ्नै सवारी साधन नभएको अवस्थामा कार्यालयका पदाधिकारी वा कर्मचारीले भ्रमण गर्दा गाडी भाडामा लिने र सम्झौता गर्ने गरेको देखिन्छ । यसरी गाडी भाडा सम्झौता गरी भ्रमण गर्दा भुक्तानी सम्बन्धित पक्षलाई भुक्तानी नगरी आफैंले भुक्तानी लिएको छ । यसरी नियमावलीको नियम विपरित किफायती नहुने गरी र पाउने सुविधा भन्दा बढी हुने गरी पदाधिकारी वा कर्मचारीले भ्रमण गरेको देखिन्छ । यस सम्वन्धमा केही उदाहरण निम्न छन ।

| गो.भौ.नं | विवरण | भुक्तानी लिएको रकम रु |
|---|---|---|
| ३०।२०८०।०६।१९ | ऊर्जा / कानून तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सहभागी | १,७४,०००।०० |
| २२२।२०८०।११।०८ | मार्तडी-धनगढी-काठमाण्डौ कार्यक्रम र गोष्ठी सहभागी | २,३८,५००।०० |
| ३८१।२०८१।०२।०९ | NDHS सार्वजनिकीकरण कार्यक्रममा सहभागी | १,०४,०००।०० |

- यसरी तालिम तथा गोष्ठीमा सहभागी हुदा सम्बन्धित आयोजकले नै दैनिक भ्रमण दिने समेत व्यवस्था रहेको हुन्छ। सम्बन्धित कार्यक्रममा सहभागी भए वापत भत्ता नलिएको कुनै प्रमाण समेत पेश गरेको देखिदैन।साथै सुदुर पश्चिम प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीका लागि सुविधा अन्तर्गत पालिका अध्यक्षलाई यातायात खर्च वापत वार्षिक रु १,२०,०००।०० सम्म पाउने व्यवस्था रहेकाले सोको परिधिभभित्र रहेर खर्च गर्नुपर्नेमा सोको सिमा भन्दा बढी समेत भुक्तानी भएको देखिन्छ। कार्यालय प्रमुखको हकमा मन्त्रालयबाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल वा ७५ लिटर पेट्रोल बराबरको बार्षिक रु १,७०,०००।०० खर्च गर्नुपर्दछ।कार्यलयले मापदण्डको सिमा भित्र रहेर खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **एक्साभेटर मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. २० लाख सम्मको सामान शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्न सकिने उल्लेख छ। यस पालिकाले एक्साभेटर मर्मत वापत मनकामना हेवि ईक्यूपमेन्ट प्रा. लि. लाई दुई वटा विजक बाट रु. १३,८५,४९२।०० भुक्तानी गरेको छ। यसरी एक्साभेटर मर्मत गर्दा प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन नगरी सोझै विधिबाट मर्मत गरिएको छ। त्यसैगरि मर्मत गर्नुपूर्व मर्मत ईस्टिमेट बनाई सोहि आधारमा विभिन्न आपूर्तिकर्ताहरुबिच प्रतिस्पर्धा गराई मितव्ययी खरिदको सुनिश्चितता गराई मर्मत आदेश दिई खरिद गर्नुपर्ने सो बमोजिम खरिद नगरेको देखिन्छ। साथै एक्साभेटर मर्मत गर्दा फरिएका पार्टपुर्जाको जिन्सि दाखिला समेत गरिएको छैन। कार्यालयले प्रचलित कानूनको परिधिभित्र रहि सवारिसाधन मर्मत गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।साथै म.ले.नि.का को प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका खर्च नियमानुसार गरी विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु २१,८५,६७५।०० बजेट व्यवस्था गरेकोमा सो मध्ये खाजा खाना खर्चमा रु १८,९६,७१३।०० खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र राखेको साथै खाजा खर्चको मापदण्ड समेत लागु गरेको देखिदैन । यस्ता खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी कुन कार्यक्रम वा समारोहमा के कति खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | विबरण | रकम |
|---|---|---|
| २२।२०८०/०६/१९ | चिया नास्ता बापत आयष्मा होटेल एण्ड लजलाई भुक्तानी | १,०९,४१५।०० |
| १७।२०८०/०६/१९ | खाजा नास्ता विलको कर्णाली रिभर साइट होटललाईभुक्तानी | ८८,५५०।०० |
| १२२।२०८०/०९/१२ | चिया नास्ता बापत आयष्मा होटेल एण्ड लजलाई भुक्तानी | १,०५,०००।०० |
| ७४।२०८०/०८/१३ | बिल भरपाइ अनुसारको रकम भुक्तानी | १,१२,९२५।०० |

सैद्धान्तिक बेरुजु

२५ **सुरक्षित आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ। पालिकाले गत वर्षसम्म २१५ लाभग्राहिलाई पहिलो किस्ता वापत रु ४८,८०,५००। गराएकोमा यस वर्ष २५ लाभग्राहीलाई दोस्रो किस्ता वापत रु. ६,२५,५००। वितरण गरेको छ। कुल २१५ लाभग्राहिलाई प्रथम किस्ता वापतउपलव्ध गराएकोमा २५ लाभग्राहिले आवास निर्माण सम्पन्न गरी १९० लाभग्राहिको आवास सम्पन्न हुन बाँकि देखिन्छ। पालिकाले अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी बाँकि आवासनिर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **नविकरणीय उर्जा**

नविकरणिय उर्जा प्रवर्द्धन कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३. नवीकरणीय ऊर्जा सम्बन्धि विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य संचालन तथा अनुदान परिचालन कार्यविधि २०७३ बमोजिमको प्रक्रियालाई अवलम्बन गर्नुका साथै नवीकरणीय/ वैकल्पिक ऊर्जा सम्बन्धि केन्द्रले स्वीकृत गरेका प्राविधिक मापदण्ड र मेनुएल्सलाई आधारमानि कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।साथै नविकरणिय उर्जा कार्यक्रममा कम्तिमा १० प्रतिशत उपभोक्ता वा समुदायको लगानी / योगदान सुनिश्चित गर्नुपर्ने समेत व्यवस्था रहेको छ। यस वर्ष पालिकालाई नविकरणिय उर्जा अन्तर्गत संघिय सरकारबाट रु १०,००,०००। प्राप्त भएकोमा भौ नं ४३ मित २०८१।०३।२४ बाट जुड्डिखोला लघु जलविद्युत आयोजनालाई ट्रान्सफर्मर खरिद वापत भुक्तानी दिएको छ।यसरी संघिय सशर्त अनुदान कार्यक्रमको उद्येश्य र मर्मसँग मेल खाने गरी तथा तोकिएको मापदण्डको अधिनमा रहि संचालन गरेको देखिदैन। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष १०२ जनालाई औसत १०० दिनले १०२०० दिन रोजगारी उपलव्ध गराई रु ६८,१३,६००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **बिल बिजक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ।पालिकालाई संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत भौ नं ४३ मिति २०८१।०३।२४ बाट जुङ्गिखोला लघु जलविद्युत आयोजनालाई ट्रान्सफर्मर खरिद वापत रु १०,००,०००। भुक्तानी दिएकोमा जलविद्युत आयोजनाले ट्रान्सफर्मर लगायतका विद्युतीय सामाग्री खरिद गरेको सिनर्जी कम्पनी प्रा ली को बिजक नं ०७९ को मिति २०८०।०३।२४ को रु १५,०२,९००।००(मु अ कर रु १,७२,९००। समेत) प्रतिलिपि बिल संलग्न रहेको छ।लेखापरिक्षणका क्रममा सो प्रतिलिपि बिलको सक्कल बिल बिजक पेश भएकोमा सक्कल बिल बिजक सोहि परिमाण र रकम प्रतिलिपि बिल बिजक बराबर रहेको देखिएता पनि बिल बिजक नं ०२७ रहि फरक पर्न गएको देखिन्छ।यसरी प्रचलित कानून विपरित बिल बिजक जारी गर्ने आपूर्तिकर्ता सिनर्जी प्रा लि लाई कानूनी दायरामा ल्याई भुक्तानी भएको मु अ कर रु १,७२,०००। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,९०० |

२९ **सशर्त कृषि तर्फ**

२९.१ **अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख** - स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि खुल्ने गरि अद्यावधिक अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख नराखि फर्म तथा व्यक्तिलाई अनुदान उपलब्ध गराएको छ।यस बाट लक्षित वर्गले अनुदान प्राप्त गरे नगरेको तथा वितरित अनुदानबाट अपेक्षित उपलब्धी हासिल भए वा नभएको एकिन गर्न सकिने अवस्था देखिदैन। अतः अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख राखि पालिकाको सार्वजनिक जानकारीको लागि समेत प्रकाशित गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९.२ **हरियो घाँस प्रवर्दन कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ४९ मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने भएमा अधिकारप्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिन सक्ने व्यवस्था छ । पालिकाले हरियो घाँस प्रवर्दन कार्यक्रम सन्चालनका लागि नायव प्राविधिक सहायक हरि वि.क. लाई पेश्की रकम उपलब्ध गराएको देखिन्छ । नियमावलीमा भएको व्यवस्था बिपरित सोझै मालसामान खरिद गर्न नसकिने पर्याप्त आधार र कारण नखुलाई यी र यस्तै प्रकृतिका कुनै पनि पेश्की दिने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।कोटेसन माग गरी दररेट प्राप्त भएपछि तुलनात्मक चार्ट र खरिदका लागि टिप्पणी समेत उठान गरिएको पाइएन ।हरियो घाँस र कृषि औजारहरु खरिद गरि ढुवानि गर्दा सम्झौता नगरी भर्पाइ मार्फत २ पटकमा रु १,४२,३०० खर्च गरेको देखियो । भर्पाइ मार्फत खर्च लेख्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

| पेश्की लिने कर्मचारी | सप्लायर्स | हरियो घाँस र कृषि औजारहरु परिमाण | रकम भुक्तानी ढुवानी समेत |
|---|---|---|---|
| नायव प्राविधिक सहायक हरि वि.क. | रोयल बडिमालिका एग्रो प्रा.लि. | १७ | ५,८८,६००। |

सैद्धान्तिक बेरुजु

२९.३ भेडा प्रवर्दन कार्यक्रम

लागत साझेदारीमा पशुपन्छी प्रवर्दन कार्यक्रम कार्यसन्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार कार्यदल गठन गर्नुपर्ने, अनुसुची १ बमोजिम सुचना प्रकाशन गर्नुपर्ने, प्राप्त सक्षिप्त कार्ययोजना सहितको निबेदन मुल्याङ्कन गरि सम्झौता मार्फत कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सघींय शशर्त अनुदान अन्तर्गत श्री उन्नती बहुउदेश्यीय कृषि तथा पशुपन्छि फर्म बाट ३६ ओटा भेडा प्रतिभेडा रु १७,५०० का दरले र १ ओटा साँड रु ४५,००० का दरले गाँउ कार्यपलिकाको बैठकबाट निर्णय गरि एकमुस्ट रुपमा खरिद गरी ल्याई पालिकाको आफ्नो भेडा फार्ममा राखेको देखिन्छ मार्गदर्शन अनुसार भेडा खरिद गरि छनौट भएका लाभग्राही व्यक्ती/समुहलाई उपलब्ध गराउनुपर्नेमा सो गरेको पाइएन ।भेडा र साँड खरिद गर्दा तोकिएको दरमा तौल लिएर गर्नुपर्नेमा एकमुस्ट सालाखाला रु १७,५०० र ४५,००० को दरले खरिद गर्दा सबै बोका/साँडको तौल बराबर भए/नभएको र सबै बोका/साँड को मुल्य बराबर पर्ने/नपर्ने यकिन गर्न नसकिएको यस सम्बन्धमा कार्यालयले नै यकिन गर्नुपर्ने ।दाना, हरियो घाँस र औषधि खरिद बापत रु ३६,००० भुक्तानी भर्पाइ मार्फत गरेको देखियो । भर्पाइ मार्फत खर्च लेख्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ । सघींय शशर्त अनुदान शर्त अनुसार खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **सशर्त स्वास्थ्य तर्फ**

**न्यानो झोला खरिद-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ वटा स्वास्थ्य केन्द्रको बर्थिङ सेन्टरको लागि स्पेसिफिकेसन तयार नगरी कोटेसन माग गरी मिति २०८०।०९।२४ गोश्वारा भौचार नम्बर ३६ मा ग्रिन सर्जिल्याव बाट प्रतिथान रु ८८० को दरले २०० थानको रु १,९८,८८० र मिति २०८१।०३।१६ गोश्वारा भौचार नम्बर १९१ मा विशि मेडि स्टक बाट प्रतिथान रु ८८४.९५ को दरले १०० थानको रु ९९,९९९ भुक्तानी गरिएको गरी जम्मा ३०० थान न्यानो झोला रहेको छ । गाँउपालिकाले ७ ओटा बर्थिङ सेन्टरमा २०० थान हस्तान्तरण गरेको देखिन्छ । यस वर्ष १८२ जना मात्र प्रसुति भएको स्वास्थ्य शाखाको अभिलेखबाट देखिन्छ । बाँकी १८ ओटा न्यानो झोला ७ ओटा बर्थिङ सेन्टरमा मौज्दात रहे नरहेको यकिन गर्न सकिएन । आगामी वर्षको लागि १०० थान न्यानो झोला पालिकामा मौज्दात रहेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| गत वर्षको बाँकी अल्या थान | यस वर्ष खरिद | बर्थिङ सेन्टरमा हस्तान्तरण | खर्च तथा प्रसुती संख्या | बाँकी मौज्दात |
|---|---|---|---|---|
| ० | ३०० | २०० | १८२ | १०० |

सैद्धान्तिक बेरुजु

३१ **शिक्षा तर्फ**

३१.१

**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरवन्दी वमोजिम पदपूर्ति गर्नुपर्दछ।

| सि नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री हिमचुली आ वि मिगु | २ | १ | ० | ९० |
| २ | श्री भैरवनाथ मा वि जेरा | ७ | ७ | १ | २७९ |
| ३ | श्री स्वामीकार्तिक मा वि वाई | १३ | १३ | २ | ४८७ |
| ४ | श्री कालिका आ वि फैता | ३ | ३ | ० | १४३ |
| ५ | श्री कर्णाली आ वि छापु | २ | २ | १ | ३९ |
| ६ | श्री भैरवनाथ आ वि जुकोट | ४ | ४ | ० | १०३ |
| ७ | श्री शम्भु सुनन्दा मा वि जुकोट | ९ | ८ | ० | ३४९ |
| ८ | श्री सूर्योदय आ वि जुकोट | २ | २ | ० | २६९ |
| ९ | श्री शम्भु सुनन्दा मा वि जुकु | ८ | ८ | ० | ३४२ |
| १० | श्री चाखुडेथला आ वि जोरु | २ | २ | ० | १०१ |
| ११ | श्री कुलादेवी मा वि वर्कु | २ | २ | ० | २४२ |
| १२ | कोटेढुङ्गा आ वि बाहुनी | १ | १ | १ | ६४ |
| १३ | श्री रुपाली आ वि माझपाटा | ३ | ३ | ० | १६० |
| १४ | श्री गंगादेवी आ वि छुद्दरी | २ | २ | १ | ७८ |
| १५ | श्री मण्डाली आ वि खोलिकोट | १ | १ | १ | ४५४ |
| १६ | श्री मण्डाली आ वि मुक्तिकोट | १ | १ | ० | १५८ |
| १७ | श्री राघुमाता मा वि साप्पाटा | ७ | ७ | ४ | ६०८ |
| १८ | श्री रुपाली आ वि सुपाना | १ | १ | १ | १३६ |
|  | जम्मा | ७० | ६८ | १२ | ४१०२ |

सैद्धान्तिक बेरुजु

३१.२ **विद्यालयगत निकासा रजिष्टर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको शिर्षकगत विवरण खुल्ने गरी विद्यालयगत अभिलेख राख्नु पर्नेमा राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम भिडान गर्न सकिएन । पालिकाले विद्यालयलाई दिने निकासाको शिर्षकगत अभिलेख खाता राखि पारदर्शि गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.३ **पाठ्यपुस्तक अनुदानमा बढि निकासा:** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा

सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले थप अनुदान दिँदा देहायको विद्यालयलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई तथा प्रमाण पेश गरेको भन्दा बढी भुक्तानी दिएकोले बढी निकासा भएकोले असुल हुनुपर्ने रु.

| क्र सं | विद्यालयको नाम | बढि पा पू | रकम |
|---|---|---|---|
| १ | भैरबनाथ मा वि जेरा | १ कक्षा १ सेट,२ कक्षा २ सेट, ३ कक्षा २ सेट, ४ कक्षा ११ सेट ९ कक्षा ४ सेट र १० कक्षा १ सेट | ७३९८ |
| २ | मण्डाली आ वि खोलिकोट | १ कक्षा १ सेट,२ कक्षा ३ सेट, ३ कक्षा १२ सेट, ६ कक्षा २३ सेट, ७ कक्षा १७ सेट | ३८१४१ |
| ३ | शम्भु सुनन्दा मा वि | १ कक्षा ७ सेट,२ कक्षा २ सेट, ५ कक्षा २ सेट, ७ कक्षा १ सेट, ९ कक्षा १ सेट र १० कक्षा २ सेट, ११ कक्षा २७ सेट, १२ कक्षा ९ सेट | १७८८९ |
| | | **जम्मा** | **६३४२८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,९६७ |

३१.४ **छात्रवृति बढि निकासा:** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ। यस कार्यालयले निम्न विद्यालयलाई भौ नं ६२।२०८०।११।१३ वाट आ.व ०८०।८१ को भुक्तानी दिएकोमा देहायको विद्यालयलाई बढी छात्रवृति निकासा दिएको देखियो । तसर्थ तपशिल बमोजिम बढी निकासा दिएको रु २४,४००। रकम असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु

| क्र सं | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | मण्डली आ वि खोलिकोट | ३ जना गैर दलित छात्रलाई छात्रवृति | १२०० |
| २ | कुलादेवी मा वि | कक्षा ९ र १० का ५८ विद्यार्थि | २३२०० |
| | | **जम्मा** | **२४,४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४०० |

३१.५ **सेनिटरी प्याड व्यवस्थापन:**यस वर्ष पालिकालाई सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड व्यवस्थापन अन्तर्गत रु १६,००,०००। वार्षिक बजेट प्राप्त भएको छ। यस सम्बन्धी देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन:

· कार्यालयले यस वर्ष कोटेशन प्रस्ताव माग गरि वलि ग्रप अफ ईण्डष्ट्रिजबाट प्रति गोटा रु ७५।०० (मु अ कर समेत) ले ९३३१ गोटा खरिद गरि भौ नं २३२ मिति २०८१।०३।२४ बाट रु ६,९९,९१२।०० भुक्तानी गरेको छ।पालिकाको पाम्स परिक्षण गर्दा गत वर्षको स्यानीटरी प्याड मौज्दात १७,९१३ गोटा रहेको देखिन्छ भने यस वर्ष ७३०० गोटा वितरण भएको देखिन्छ। यसरी ठुलो परिमाण मौज्दात रहेको अवस्था समेत कार्यालयले माग र आवश्यकताको पहिचान नगरि यस वर्ष थप ठुलो परिमाणमा स्यानीटरी प्याड खरिद गरेको देखिन्छ। यस वर्ष वितरण गरे पश्चात पाम्सबाट प्राप्त विवरण अनुसार १९९४४ गोटा स्यानीटरी प्याड मौज्दात रहेको देखिन्छ। ठुलो परिमाण मौज्दात हुने गरि खरिद गर्दा सामाग्रीको गुणस्तरमा समेत ह्रास आउने देखिन्छ। कार्यालय माग र आवश्यकताको विश्लेषण गरी खरिद गर्नुपर्दछ।

· प्राप्त बजेट मध्यबाट पालिकाले स्यानीटरी प्याड डिस्पोजल मेसिन प्रति थान रु ५५,०००। को रु ८२५०००। वरावरको १५ थान खरिद गरेको छ।यसरी खरिद गरेको स्यानीटरी डिस्पोजन मेसिन पालिकामै मोज्दात रहेको देखिन्छ। यसरी आपूर्ति भएको सामाग्री प्रयोग नुहँदा सामाग्रीको गुणस्तरमा ह्रास आउनुका साथै लक्षित कार्यक्रमको प्रभावकारीता रहँदैन् । अत: मौज्दात रहेको रु ८,२५,०००। बराबरको १५ थान स्यानीटरी प्याड डिस्पोजल मेसिन वितरण गरि प्रयोगमा आएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२५,००० |

३१.६ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अनुदान र यस अन्तर्गत संचालन हुने क्रियाकलाप र कार्यान्वियन हुने प्रक्रिया बारे उल्लेख छ। शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अनुदान वापत २ वटा सिकाई केन्द्रलाई सम्बन्धित सामुदायिक सिकाई केन्द्रको खाता रोक्का हुने गरि भुक्तानि दिएको छ। यस कार्यक्रम सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन मापदण्ड, २०७८ ले उल्लेख गरेका वार्षिक कार्यक्रमहरु तयार गरि व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले तपशिल बमोजिमका सामुदायिक सिकाई केन्द्रलाई सम्बन्धित सामुदायिक केन्द्रको खातामा रोक्का हुने गरी भुक्तानी भएको रकम कार्यक्रमको उद्धेश्य र मर्म अनुसार क्रियाकलाप संचालन हुने गरी भुक्तानी भएको देखिदैन। यसर्थ कार्यक्रम कार्यान्वियनको सुनिश्चितता वेगर भुक्तानी गरिनु नियमसम्मत देखिदैन।अत: भुक्तानी भएको रु ४,८७,९७४। सम्बन्धित सामुदायिक केन्द्रबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

| क्र सं | सिकाई केन्द्र | रकम |
|---|---|---|
| १ | न्यू प्रगतिशिल सिकाई केन्द्र | २४३९८७ |
| २ | महादेव सामुदायिक सिकाई केन्द्र | २४३९८७ |
| | **जम्मा** | **४,८७,९७४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८७,९७४ |

३१.७ सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि पाठ्यपुस्तक अनुदानबाट भौ. नं २४२ मिति २०८१।०३।२४ बाट राष्ट्रपति रनिङ्ग शिल्ड वापत रु २,४०,०००। र भौ नं २२२ मिति २०८१।०३।२४ बाट गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्डबाट छनौट भएका खेलाडिहरुलाई बन्द प्रशिक्षण संचालन वापत रु ३१४२६०। गरि जम्मा रु ५,५४,२६०। पालिकाले खर्च लेखेको छ। पालिकाले आफ्नो स्रोतबाट खर्च लेख्नुपर्नेमा सशर्त अनुदानको उद्धेश्य र मर्म विपरित खर्च लेखेको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५४,२६० |

३१.८ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थि परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टिङ्ग अनुदान र सो अन्तर्गत संचालन हुने क्रियाकलाप र कार्यान्वियन प्रक्रिया बारे उल्लेख छ।पालिकाले शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थि परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टिङ्ग अनुदानबाट पालिकाले माग गरिएका विभिन्न सामान वापत जगन्नाथ छापाखानालाई भौ नं २१३ मिति २०८१।०३।२१ बाट रु ६,०७,७३६। भुक्तानी दिएको छ। पालिकाले आफ्नो स्रोतबाट खर्च लेख्नुपर्नेमा सशर्त अनुदानको उद्येश्य र मर्म विपरित खर्च लेखेको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०७,७३६ |

### ३२ पशु औषधी खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज,खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले पशु विविध कार्यक्रम अन्तर्गत रु २५,००,०००। विनियोजन गरि रु २२,७०,०००। वरावरको औषधी खरिद गर्ने गरि वार्षिक कार्यक्रम स्वीकृत गरेको छ। यसरी स्वीकृत वार्षिक कार्यक्रम अनुसार एकमुष्ट बजेट विनियोजन भएको अवस्थामा कार्यालयले एउटै प्याकेज बनाई प्रतिस्पर्धि र मितव्ययी हुने खरिद विधि अवलम्वन

गरि पशु औषधि खरिद गर्नुपर्नेमा कार्यालयले प्रतिस्पर्धा सिमित हुने गरि एउटै आपूर्तिकर्तासँग पटक पटक पटके रुपमा सोझै खरिद गरी तपशिल बमोजिमका भौचरबाट रु २,०९९,८०९ भुक्तानी गरेको छ। पालिकाले प्रचलित कानूनको अधिनमा रहि खरिदलाई मितव्ययी र प्रतिस्पर्धि बनाउनुपर्दछ।

| क्र सं | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| ३ २०८१।०२।०९ | विनायक भेट डिष्ट्रिव्यूटर्श | ४२११५७ |
| ३ २०८१।०२।०९ | किसान एग्रोभेट सेन्टर | ५२८८४० |
| ४११ २०८१।०२।१६ | विनायक भेट सेन्टर | २४९८०८ |
| ५५२ २०८१।०३।१४ | विनायक भेट सेन्टर | ६३८४२१ |
| ५५२ २०८१।०३।१४ | किसान एग्रोभेट सेन्टर | २६१५८३ |
| | **जम्मा** | **२०,९९,८०९** |

सैद्धान्तिक बेरुजु

## ३३ सामाजिक सुरक्षा

३३.१ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले हिमालयन बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। MIS प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।

**विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

**लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३३.२ **नागरिकता नम्बर दोहोरोः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह, विभाग र बैंक/वीत्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाका ५ वटा वडाहरु मध्ये नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएका वडा नं. ३ र ४ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो राखि वितरण गरेको देखिन्छ ।यसरी विवरण नै अद्यावधिक नगरी बैकलाई विवरण पठाउने गरेको, कोष तथा लेखा नियन्त्रक कार्यलयले लाभग्राहीको खातामा EFT मार्फत भत्ता पठाउने गरेको, बढी भुक्तानी गएको रकम फिर्ता गरी जम्मा गर्ने गरेको देखिएतापनि कार्यालयले सबै वडाका लाभग्राहीहरुको विवरण (नाम, ठेगाना, नागरिकता नम्बर, संरक्षकको नाम सहित फोटो समेत) MIS लगतमा अद्यावधिक गरी मात्र भत्ता वितरण गर्नुपर्दछ ।

| Installment's | Ward | Social Assustance Type Name | Citizenship Number | Member Name | Total Amount |
|---|---|---|---|---|---|
| 4 | 4 | Senior citizen's allowance-Others | 703004489 | Nankala Kami | 12,000 |
| 4 | 4 | Senior citizen's allowance-Others | 703004489 | Aukala Giri | 12,000 |
| 4 | 4 | Senior citizen's allowance-Others | 560 | Dhan Laxmi Sanjyal | 12,000 |
| 4 | 4 | Senior citizen's allowance-Dalilt | 560 | Ranajit Lohar | 7,980 |
| 4 | 3 | Senior citizen's allowance-Others | 703005/300 | Duaula Shahi | 12,000 |
| 4 | 3 | Senior citizen's allowance-Others | 703005/300 | Urma Upadhya | 12,000 |
| 4 | 3 | Senior citizen's allowance-Others | 869 | Dirga Bahadur Shahi | 12,000 |
| 4 | 3 | Senior citizen's allowance-Others | 869 | Birjung Shahi | 12,000 |
| 4 | 3 | Senior Citizen's Single women's allowance | 836 | Kashi Rokaya | 7,980 |
| 4 | 3 | Senior citizen's allowance-Others | 836 | Bihadara Rokaya | 12,000 |

सैद्धान्तिक बेरुजु

३३.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

**सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले विभिन्न परामर्शदाता फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थपरक भएको विश्वस्त हुने आधार देखिदैन।साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा अवस्थामा सम्भव भएसम्म सो जनशक्तिको उपयोग मार्फत डिपिआर कार्य गरी सार्वजनिक स्रोतको सदुपयोगमा जोड दिनुपर्दछ।

| सि.नं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | हाल आयोजनाको अवस्था |
|---|---|---|---|---|---|---|
| 1 | Various Projects of Swamikartik | बारबारा ईन्जिनियरिङ्ग | 46,00,000।- | 19,13,420।- | 16,93,93,551.33।- | कार्यान्वयनको चरणमा |
| 2 | Various Roads of Swamikartik | ईगल्श सोलुशन्स प्रा.लि. | - | 19,97,760।- | 1,92,15,26,046.58।- | कार्यान्वयनको चरणमा |
| 3 | Upgradation of Shree Shambhu Sunanda Secondary School Jukot | कान्जीरोवा इन्जीनियरिङ्ग सोलुसन्स | - | 4,96,070।- | 8,93,20,659.18।- | कार्यान्वयनको चरणमा |
| | जम्मा: | | | 44,07,250।- | 2,18,02,40,257.09।- | |

सैद्धान्तिक बेरुजु

३५ **कार्यालय सञ्चालन खर्च**

३५.१ **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** स्थानीय संचितकोष व्यवस्थापन प्रणालीको आय व्यायको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. ६५,९८,०९४।७५ देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु. २५,१७,८९,६२२।५८ रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ३८।१६ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु ३३,२९,१७,४१३।५८ रहेकोले उक्त खर्च आन्तरिक आयको ५०। ४५ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ। सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ। यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५.२ **खरिद योजना तथा इकाईः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको भएतापनि यसको कार्यान्वियन भएको छैन । बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना कार्यान्वियन नहुदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको भएता पनी सो एकाईलाई प्रमावकारी रुपमा कार्यान्वयनमा ल्याएको पाईएन । खरिद इकाई गठन नहुँदा सोझै खरिद जस्ता विभिन्न खरिद कार्यको कमि कमजोरी हटाउने तथा मालसामान, खरिद तथा निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ। तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५.३ **सौझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा माग र आवश्यकताको पहिचान नगरि पटक पटक पटके रुपमा कुल विनियोजन भएको रु ४९,४१,६८१।०० मध्ये रु ४३,५२,७६०।०० खरिद गरेको रकम नियमित मान्ने अवस्था देखिदैन । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। यस सम्वन्धमा केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | आपुर्तिकर्ता | बिबरण | खर्च रकम |
|---|---|---|---|
| १३।२०८०/०६/१९ | पुर्णिमा फोटो स्टुडियो एण्ड स्टेशनरी सेन्टर | मसलन्द तथा कार्यालय सामाग्री | ३,२१,४६०।०० |
| १४।२०८०/०६/१९ | जगन्नाथ छापाखाना | मसलन्द तथा कार्यालय सामाग्री | ५,१९,१२२।०० |
| १५।२०८०/०६/१९ | बैष्णवी इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय सामाग्री | २,९३,६००।०० |
| ५९।२०८०/०८/१२ | टि एस कम्युनिकेशन एण्ड मोबाइल ग्यालरी | मसलन्द तथा कार्यालय सामाग्री | २,७६,२१५।०० |
| ७९।२०८०/०८/१४ | जगन्नाथ जयन्ती जनरल स्टोर | मसलन्द तथा कार्यालय सामाग्री | ३,७०,९५०।०० |
| १२१।२०८०/०९/१२ | पुर्णिमा फोटो स्टुडियो एण्ड स्टेशनरी सेन्टर | मसलन्द तथा कार्यालय सामाग्री | ३,३३,९८०।०० |
| जम्मा | | | २०,८५,३२७।०० |

सैद्धान्तिक बेरुजु

३५.४ **औषधि खरिदः** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिका चालु बजेट उप शिर्षकबाट संलग्न अनुसुचि वमोजिम वोलपत्र खरिद वाहेक फर्मसँग रु ३३,३८,३६५।०० को औषधि प्रतिशपर्धा वेगर खरिद गरेको छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खपत र मौज्दातको अवस्था एकिन हुनेगरी अभिलेख राख्ने र प्रतिस्पर्धाको आधारमा औषधिको खरिद गर्नुपर्ने देखिन्छ ।

| **गो भौ नं** | **आपुर्तिकर्ता** | **कार्य** | **खर्च रकम** |
|---|---|---|---|
| ३७।२०८०/०९/२४ | श्रीएभरेष्ट मेडिको फर्मा | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १०,१०,३५३।०० |
| ५०६।२०८१/०३/१६ | श्रीदेउती सर्जिमेड प्रा.लि. | स्वास्थ्य संस्थाका लागि औषधी खरिद | १०,३४,४७४।०० |
| ५१९।२०८१/०३/१९ | श्रीदेउती सर्जिमेड प्रा.लि. | स्वास्थ्य संस्थाका लागि औषधी खरिद | २,९३,६००।०० |
| ३३२।२०८१/०१/१२ | श्रीदाजुभाई मेडिको प्रा.लि. | औषधी खरिद खर्च | ९,९९,९३८।०० |
| | | जम्मा | ३३,३८,३६५।०० |

सैद्धान्तिक बेरुजु

३६ **योजना तथा ठेक्का व्यवस्थापन**

३६.१ **ठेक्का व्यवस्थापन:** यस पालिकाबाट प्राप्त विवरण अनुसार ठेक्का व्यवस्थापनको अवस्था देहाए अनुसार रहेको छ।

| क्र सं | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | ठेक्का अवधि | म्याद थप पटक | सम्पन्न गर्ने मिति | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ढिकुरी सिचाँई कुलो निर्माण योजना | एम.के. निर्माण सेवा | 9137626.4 | 10/8/2080 | 3/15/2081 | छैन | 3/15/2081 | 99 प्रतिशत | 97 प्रतिशत |
| 2 | रुडी सिचाँई कुलो निर्माण योजना | एम.के. निर्माण सेवा | 4555491.1 | 10/8/2080 | 3/15/2081 | छैन | 3।15/2081 | 99 प्रतिशत | 97 प्रतिशत |
| 3 | स्वामीकार्तिक मा.वि. भवन निर्माण | प्रसंशा निर्माणः सेवा एण्ड अर्डर सप्लायर्स | 3898117.1 | 10/7/2080 | 3/15/2081 | छ | 3/15/2082 | 80 प्रतिशत | 70 प्रतिशत |
| 4 | मुक्तिकोट बृहत खानेपानी योजना | दियो एण्ड लक्ष्मी कन्स्ट्रक्सन | 6209357 | 12/25/2080 | 7/15/2081 | छैन | 3/15/2081 | 100प्रतिशत | 70 प्रतिशत |
| 5 | सुइजिउला देखी जुकोट सडक स्तरोन्ती | चन्द्रनाथ निर्माण सेवा एण्ड अर्डर सप्लायर्स | 5700654.5 | 12/25/2080 | 3/25/2081 | छ | 3/15/2082 | 70 प्रतिशत | 25प्रतिशत |
| 6 | प्रधानमन्त्री रोजगार सामान खरिद योजना | दाजुभाई ट्रेडर्स | 2230083.2 | 12/25/2080 | 3/15/2081 | छैन | 3/15/2081 | 100 प्रतिशत | 100 प्रतिशत |
| 7 | जोरु गोठीगाउँ सडक निर्माण | मार्गदेवी/ओम शिवम् जे.भी. | 18932534 | 3/20/2081 | 4/30/2082 | समय रहेको | 4/30/2082 | 30 प्रतिशत | 15 प्रतिशत |
| 8 | Construction of Primary Hospital | बंगलामुखी मेनका जे.भि. | 63394359.46 | 3/3/2078 | 9/3/2080 | म्याद थप | 9/3/2080 | २८ प्रतिशत | 17 प्रतिशत |
| 9 | Construction of Administrative office Building | बंगलामुखी मेनका जे.भि. | 56388496 | 3/3/2078 | 9/3/2080 | | 9/3/2080 | 11 प्रतिशत | 23 प्रतिशत |

**पालिकाको ठेक्का व्यवस्थापन सम्बन्धका देखिएका व्यहोरा तपशिल बमोजिम छन:**

सैद्धान्तिक बेरुजु

३६.२ **म्याद थप:** उपरोक्त क्र सं ३ र ५ को निर्माण योजना शुरु सम्झौता अवधिभित्र निर्माण सम्पन्न हुन नसकि कार्यालयले म्याद थप गरेको छ । यसरी तोकिए बमोजिमको कार्यतालिका अनुसार कार्यसम्पन्न नहुनु तथा पटक पटक म्याद थप भएबाट कार्यालयको ठेक्का व्यवस्थापन प्रभावकारी नभएको देखिन्छ।अत: निर्माण व्यवसायीसँग सम्झौतामा उल्लेखित कार्य तालिका तथा सम्झौताको शर्त बमोजिम समयमै कार्यसम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६.३ **निर्माण कार्यको प्रगती:** पालिकाले एकिकृति स्वास्थ्य पूर्वाधार निर्माण अन्तर्गत प्राथमिक अस्पताल निर्माण कार्यको (SKKRM/NCB/WORK/08/077/78) बंगलामूखि मेनका जे भि सँग रु ६,३३,९४,३५९।४६ बरावरको २०८०।०३।९ मा सम्पन्न गर्ने गरि २०७८।०३।०३ मा सम्झौता भएको छ।पालिकाले तोकिएको अवधिमा निर्माण सम्पन्न हुन नसकि शुरु सम्झौता अवधिमा भौतिक प्रगति २८ प्रतिशत र वित्तिय प्रगति १७ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०८०।८१ मा भौतिक र वित्तिय प्रगति शुन्य रहेको

छ। यसर्थ कार्यालयले प्रभावकारी ठेक्का व्यवस्थापन सुनिश्चित गरी कार्यतालिका बमोजिम निर्माण कार्य सम्पन्न गर्ने तर्फ अग्रसर हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६.४ **पालिका प्रशासकिय भवन निर्माण:** पालिकाले प्रशासकिय भवन निर्माण कार्यको (SKKRM/NCB/WORK/09/077/78) कार्यको २०८०।०३।०९ मा सम्पन्न गर्ने गरि रु ५,६३,८८,४९६। वरावर निर्माण व्यवसायी बंगलामूखि मेनका जे भि सँग मिति २०७८।०३। ०३ मा खरिद सम्झौता गरेको छ। सो निर्माण कार्यमा रु १,३१,८५,२९५। भुक्तानी भई वित्तिय प्रगति २३ प्रतिशत रहेको अवस्थामा निर्माणस्थलमा आएको बाढि तथा पहिरोका कारण सम्पूर्ण निर्माणाधिन संरचना क्षति भई निर्माण कार्य ठप्प रहेको अवस्था छ भने पुन: निर्माण कार्य शुरु हुने अवस्था समेत देखिदैन।यसरी निर्माण कार्य प्रारम्भ नहुने अवस्था देखिदा समेत लामो अवधि व्यतित हुदा समेत लेखापरिक्षण अवधिसम्म निर्माण व्यवसायिको नाममा रु ३७,५०,०००। पेश्की रहेको छ।यसर्थ निर्माण व्यवसायिको नाममा लामो समयसम्म रहेको रु ३७,५०,०००। पेश्कीमा प्रचलित कानून अनुसार आ. व. २०८०।८१ को असार मसान्तसम्मको रु ४,०६,२५०। व्याज समेत रु ४१,५६,२५०। असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४१,५६,२५० |
|---|---|

### ३७ उपभोक्ता समितिबाट खरिद

३७.१ **उपभोक्ता समिति छनौट:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (क) मा १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति**,** परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय**,** लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७.२ **कार्यालयको काम उपभोक्ता समितिबाट**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै २ नं वडा कार्यालयको भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ रु ११,८७,५००। भुक्तानी गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराएको नियमित गर्नुपर्ने रु

| अनियमित भएको | ११,८७,५०० |
|---|---|

३७.३ **जनश्रमदान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) र ९७(२) अनुसार सार्वजनिक निकायले उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम खुलाई निर्माण कार्य गराउने गरि खरिद सम्झौता गर्न सकिने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका अधिकांस निर्माण योजनामा उपभोक्ता समितिको जनश्रमदान २० प्रतिशत हुने गरि सम्झौता गरेकोमा केहि सिमित योजनामा २०

प्रतिशत भन्दा घटि जनश्रमदान हुने गरि उपभोक्ता समितिसँग सम्झौता गरी योजना सम्पन्न गरेको छ। यसरी उपभोक्ता समिति मार्फत सम्पन्न हुने निर्माण योजनामा उपभोक्ता समितिको जनश्रमदानको सम्बन्धमा पालिकाको नीतिगत निर्णयबाट एकरुपता हुने गरी जनश्रमदान जुट्न सक्ने र रोजगारी सिर्जनाको सुनिश्चितता हुनुका साथै निर्माण कार्यको गुणस्तर र दिगोपना समेत सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।केहि व्यहोरा:

| भौ नं मिति | कामको विवरण | कार्यसम्पन्न रकम | जनश्रमदान रकम | जनश्रमदान % |
|---|---|---|---|---|
| ७८ २०८१।२।१७ | कुलादेवि मा वि शैक्षिक सुधार | २९७५९९०।१४ | ४६०३९०।१४ | १५.४७ |
| १२९ २०८१।३।९ | पोग्राढुङ्गा सिंचाई नहर निर्माण | ५१८७१३।८५ | ८१९१३।८५ | १५.७९ |
| १७२ २०८१।०३।२३ | मुजेडा सिम विद्युत मर्मत तथा लाईन विस्तार | ९३०३९७।७१ | १७०३९७।७१ | १८.३१ |

सैद्धान्तिक बेरुजु

३७.४ **हस्तान्तरण नहुने काम उपभोक्ता समिति मार्फत** :सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले तपशिल बमोजिमको हस्तान्तरण नहुने निर्माण कार्य उपभोक्ता समितसँग सम्झौता गरी सम्पन्न गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत भएको मान्न सकिदैन। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।केहि व्यहोरा:

| भौ नं मिति | योजनाको नाम | बजेट खर्च |
|---|---|---|
| ६ २०८०।०८।१९ | शम्भु सुनन्दा मा वि घेरबार | १२३५०००। |
| १५२ २०८१।०३।१८ | राघुमाता फिल्ड निर्माण | ३२७७५०। |
| १७८ २०८१।०३।२३ | कुलादेवि मा वि खेलमैदान निर्माण | १४३५४५०। |
| १४४ २०८१।०३।१६ | जेरा बर्थिङ्ग सेन्टर टहरा निर्माण | ४७५०००। |
| | **जम्मा** | **३४,७२,२००** |

सैद्धान्तिक बेरुजु

३७.५ **फर्माको काममा बढि भुक्तानी:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाबाट खरिद सम्झौता भै निर्माण कार्य सम्पन्न भएको कुला देवि मा वि राष्ट्रपति शैक्षिक सुधार पालिकाको साझेदारी अन्तर्गत स्ल्यावको निर्माण कार्यमा आवश्यक पर्ने फर्माको लागि बिमको कामको लागि आवश्यक पर्ने फर्माको दररेट विश्लेषण गरि लागत अनुमान तयार, सम्झौता र कार्यसम्पन्न एवं भौ नं ७८ मिति २०८१।०२।१७ बाट भुक्तानी गरेको छ। यसरी २२६.१६ व. मि. परिमाण फर्माको काममा स्ल्यावको आधारमा प्रति व. मि. रु ६४०.७९ को दरले भुक्तानी हुनुपर्ने प्रति व. मि. रु १,२७७.५६ को दरले भुक्तानी गरेको छ। यसर्थ २२६.१६ फर्माको काममा प्रति व. मि. ६३६.७७ को दरले रु. १,४४,१६२। बढि मुल्यांकन भएको छ। बढि मुल्यांकन भएको रकममा उपभोक्ता समितिको योगदानको अंश कटाई सम्बन्धिबाट रु १,२१,७५९। असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १,२१,७५९ |
|---|---|

३७.६ **कन्टिन्जेन्सी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी वापत थप गर्न सकिने व्यवस्था रहेको छ। यसरी लागत अनुमानमा ५ प्रतिशत कन्टिन्जेन्सि समावेश गरि सोहि बमोजिमको सम्झौता गरिएको तपशिल बमोजिमको योजनाको भुक्तानी गर्दा निर्माण समितिलाई तपशिल बमोजिमका भौ नं बाट कन्टिन्जेन्सी बापतको रु **१,४३,१३९** समेत उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। यसर्थ भुक्तानी गरेको कन्टिन्जेन्सी असुल गर्नुपर्ने रु **१४३१३९**

| भौ नं | निर्माण योजना | भुक्तानी रकम | कन्टिन्जेन्सी |
|---|---|---|---|
| ३५ | हिमचूली आ वि | १५०००००० | ७५००० |
| ७८ | कुलादेवी मा वि | १३६७७२५ | ६८१३९ |
| | | **जम्मा** | **१४३१३९** |

| असुल गर्नुपर्ने | १,४३,१३९ |
|---|---|

३७.७ **ओभरहेड सहित लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ ।यस पालिकाभित्र आर्थिक वर्ष २०८०/८१ मा सम्झौता भई सम्पन्न भएका केहि योजनाको नमुना छनौट गरि फाँटवारी परीक्षण गर्दा तपसिलको योजनाको ओभरहेड समेत समावेश गरि लागत अनुमान तयार एवं सम्झौता गरी भुक्तानी समेत भएकोले बढि भुक्तानी भएको ओभरहेड सम्बन्धितलाई जिम्मेवार बनाई समितिको योगदानको अंश कट्टा गरि रु ३७७३३४। असुल गर्नु पर्ने रु.

| भौ नं | निर्माण योजना | कामको विवरण | परिमाण | दर | ओभरहेड | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७८ | राधुमाता मि वि | माटो कटिङ | २०४५६ घ मि | १४५.४८ | २१.८२ प्रति घ मि | ३७७३३४ |
| | | | | | **जम्मा** | **३,७७,३३४** |

| असुल गर्नुपर्ने | ३,७७,३३४ |
|---|---|

३८ **आन्तरिक आय**

३८.१ **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**

· **मनोरञ्जन कर:**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमाभिडियो हलसांस्कृतिक प्रदर्शन हलसंगीतथियटर मनोरञ्जन प्रदर्शन स्थलऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ**।**

· **व्यवसाय कर:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ पालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सबै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ।

· **घर बहाल कर:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो बहाल रकमको

१० प्रतिशत कर संकलन गर्ने उल्लेख छ। पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचा लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३८.२ **आय प्रक्षेपण तथा असुली:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गर्नु पर्ने व्यवस्था छ । पालिकाले पहिचान गरेको र यथार्थ आय विच सामान्य फरक रहेको देखिन्छ। यस वर्ष पालिकाले कुल राजश्व रु. १२ लाख १ हजारको आन्तरिक आय अनुमान पेश गरेकोमा कुल रु. ४३ लाख २३ हजार आम्दानी गरी कुल प्रक्षेपणको तुलनामा २५० प्रतिशतले बढि प्राप्ति गरेको अवस्था छ। यसरी प्रक्षेपण गरे भन्दा बढि आन्तरिक आय प्राप्त भएकोले पालिकाले आय प्रक्षेपण अथार्थपरक नरहेको देखिन्छ। पालिकाले आन्तरिक आम्दानीका क्षेत्रहरु पहिचान एव आन्तरिक आय प्रक्षेपणलाई वस्तुनिष्ठ एवं अनुमान योग्य बनाई राजश्व आम्दानी अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमिकर/मालपोत | 800000 | 1104012.95 | ७२ प्रतिशत बढि |
| वहाल कर | 50000 | 221313 | ४४२ प्रतिशत बढि |
| वहाल विटौरी कर | 0 | 0 | ० |
| व्यवसायले भुक्तानी गर्ने | 0 | 0 | ० |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | 320350 | प्रक्षेपण नगरेको |
| अन्य कर | 0 | 1908724.67 | प्रक्षेपण नगरेको |
| अन्य बिक्रीबाट प्राप्त रकम | 0 | 0 | ० |
| न्यायिक दस्तूर | 10000 | 0 | ० |
| परीक्षा शुल्क | 0 | 0 | ० |
| यातायात क्षेत्रको आम्दानी | 0 | 153800 | प्रक्षेपण नगरेको |
| अन्य प्रशासनिक सेवा शुल्क | 150000 | 567730 | ३७८ प्रतिशत बढि |
| सिफारिश दस्तुर | 200000 | 47000 | ७७ प्रतिशत घटि |
| **जम्मा** | **१२०१०००** | **४३२२९३०.६२** | **२५० प्रतिशत बढि** |

**राजश्व दाखिला**:यस कार्यालयले आन्तिरिक नियन्त्रणको लागि मलेप फा.नं. ९०४ (साविकफारम नं ११८) अनुसारको १७ कोलम खाता राख्नु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(९)(१०)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंकदाखिला गर्नुपर्ने व्यवस्था छ । रसिद नियन्त्रण खाता मलेप फारम नं ९०४ अनुसार अद्यावधिक गरी नगदी रसिदको आम्दानी खर्च यथार्थपरक ढंगबाट राखिनुपर्दछ ।रसिद नियन्त्रण खाता ब्यवस्थित गरी पुरानो रसिद र नयाँ छपाई रसिदको मौज्दात एकिन गर्नुपर्दछ ।वडामा लगिएको नगदी रसिद समय मै पालिकामा फिर्ता गरेको देखिएन साथै नगदी रसिदबाट उठेको राजश्व रु१३,१०,१९३।०० मध्येबैक दाखिला भोली पल्ट नै गरेको देखिदैन। यसमा सुधार गरि राजश्व हिसाव चुस्त वनाउनु पर्दछ ।

**राजश्वको अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्वको अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिका र वडा कार्यालयमा प्रयोग भएका ठेलीहरु के कति छपाइ एंव प्रयोग भए सो को पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ. व. को बाँकी रसिद ठेलीहरु के

कति प्रयोग भएका यकिन गर्न सकिएन।कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण र राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ।

**रसिद नियन्त्रण खाता -** पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म. ले. प. फा. नं. ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली, यस वर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८.३ **वडा कार्यालयको राजश्वः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१) मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा कार्यालयबाट नगदी आम्दानी रसिद र मालपोत रसिदबाट रु. १,००,३२०।२० आम्दानी प्राप्त गरेकोमा बमोजिम रु. ८,४८१।६४ दाखिला भएको छैन। यसरी प्राप्त भएको आम्दानी समयमै दाखिला नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ८,४८१.६४ |
|---|---|

३८.४ **यातायात क्षेत्रको आम्दानी:** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले यातायात क्षेत्र अन्तर्गत फेरि संचालन र एम्बुलेन्स संचालनबाट तपशिल बमोजिम विभिन्न आम्दानी रसिद ठेलिबाट रुरु ६,३१,१००।आम्दानी प्राप्त गरेकोमा रु १,२९,०००। आम्दानी दाखिला नभएको पाईयो।यसरी प्राप्त आम्दानी समयमै दाखिला नगर्ने कर्मचारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु

| **क्र सं** | **विवरण** | **आम्दानी ठेली** | **ठेलि अनुसारको आम्दानी** | **दाखिला भएको आम्दानी** | **बाँकि** |
|---|---|---|---|---|---|
| १ | फेरि संचालन | ३२०१-३३०० | १२३००० | ८०००० | ४३००० |
| २ | फेरि संचालन | ३४५१-३५००, ८०१-८५०, १५५१-१६००, ४५१-५०० | ३२७४०० | २००९०० | २०५०० |
| ३ | एम्बुलेन्स संचालन | ४३०१-४३५०, ४४५१-४५०० | १८०७०० | ९४२०० | ६५५०० |
| | | **जम्मा** | **६३११००** | **३७५१००** | **१,२९,०००** |

| असुल गर्नुपर्ने | १,२९,००० |
|---|---|

# अनुगमन लेखापरीक्षण

३९ अनुगमन तथा संपरीक्षणः

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयको २०७९।८० सम्मको बाँकी बेरुजु रु. २३,६६,८४,०००।०० भएकोमा लेखापरीक्षणको क्रममा नेम्सबाट अनुरोध भएको मध्य रु २२,७२,०००। संपरीक्षण गरिएको छ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा** को २०८१ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २३६६८४००० | २२७२००० | २२३६६०७३.६४ | ० | २५६७७८०७३.६४ |


https://nams.oag.gov.np

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा , स्वामी कार्तिक गाउँपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Amar Bahadur Rokaya | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Khambir Bahadur Budha | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,१४१,२७०.६४ | १०,८३३,२०७ | ५,३९१,५९६ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | २२,३६६,०७३.६४ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | २५३,६०३.११ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २५१७८९७५.८१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३१८७५७९२.१ | **चालु खर्च** | २५१७८९६२२.५८ |
| **प्रदेश सरकारबाट अनुदान** | २६५९५५३७.५५ | **पूँजीगत खर्च** | ८११२७७९१ |
| **राजश्व बाँडफाँट** | ६३५५१८९०.४९ | **वित्तीय/अन्य व्यवस्था** | ६३१७८१९१ |
| **आन्तरिक आय** | ३०१३०४५.२२ | | |
| **अन्य आय** | ५९४४७००० | | |
| **कुल आय** | ३८४४८३२६५.३६ | **कुल खर्च** | ३९६०९५६०४.५८ |
| **बाँकी मौज्दात** | | १३५६६६३६.५९ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| २ | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ३ | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) |
| ४ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ६ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ७ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ८ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| ९ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| १० | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने। | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने। |
| ११ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |